# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित


| | | |
|---|---|---|
| खण्ड : ७ | सङ्ख्या : ७ | मिति : २०८०/०३/१४ |


**भाग-२**

**हतुवागढी गाउँपालिका**

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०८०/०३/१४

# स्थानीय रोजगार रणनीति, २०८०

# स्थानीय रोजगार रणनीति-२०८०

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर
कोशी प्रदेश, नेपाल

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर

## बिषय सूची

| बिषय | पेज |
|---|---|
| बिषयसूची | I |
| खण्ड-१ रणनैतिक सन्दर्भ (Strategic Contex) | २ |
| (१) पृष्ठभुमी | २ |
| (२) रोजगार रणनीतिको आवश्यकता/औचित्य | २ |
| (३) अध्ययन पद्धति | ३ |
| (४) क्षेत्र | ४ |
| (५) सीमा | ४ |
| खण्ड-२ बर्तमान अवस्थाको बिश्लेषण (Current Situation Analysis) | ५ |
| खण्ड-३ रणनैतिक बिश्लेषण ( Strategic Analysis) | १० |
| खण्ड-४ रणनैतिक सवालहरु ( Strategic Issues) | १० |
| खण्ड-५ दुरदृष्टि, ध्येय र उद्धेश्य (Vision, Misson And Objectives) | ११ |
| खण्ड-६ रणनैतिक लक्ष्यहरु ( Strategic Goals) | १२ |
| खण्ड-७ रणनैतिक स्तम्भ ( Strategic Column) | १२ |
| खण्ड-८ प्रमुख रणनीतिहरु ( Major Strategics) | १२ |
| खण्ड-९ पाँच बर्षको रणनैतिक कार्ययोजना ( Strategic Action Plan) | १२ |
| खण्ड-१० श्रोत परिचालन र बजेट ब्यबस्थापन (Resource Mobilization And Budget Management) | १२ |
| खण्ड-११ रणनैतिक योजनाको निर्देशक समिति, अनुगमन र मुल्याङ्कन सम्बन्धि ब्यबस्था (Steering Committee, Monitoring And Evaluation) | १३ |
| खण्ड-१२ जोखिम ब्यबस्थापन (Risk Management) | १३ |
| खण्ड-१३ क्षेत्रगत रणनीतिहरु(Sectoral Strategic) | १४ |
| अनुसुचिहरु | १७-२२ |

प्रेम कुमार राई
अध्यक्ष

## खण्ड-१
## रणनैतिक सन्दर्भ (Strategic Contex)

### १) पृष्ठभुमी

दिगो आर्थिक बिकासको लक्ष्य पुरा गर्दै गरीबि न्युनीकरण गर्ने लक्ष्य हासिल गर्ने मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको तथ्यलाई अहिलेको परिबेशमा कसैले नकार्न सक्ने अवस्था छैन । सामान्यतया उत्पादनशील रोजगारीले मानिस र उनको परिवारको आम्दानीको क्षमतालाई बढाउदछ । बेरोजगारी तथा न्युन रोजगारीको अवस्थालाई कम गर्दछ । यसले अन्तत बेरोजगारीको अवस्थालाई अन्त गर्दै गरीबि न्युनीकरणमा टेवा पुर्याईरहेको हुन्छ । यसले बैदेशिक रोजगारी प्रतिको युवाको आकर्षणलाई कम गर्नुका साथै आफ्नै देशमा रोजगारीको अधिकतम सृजना गर्दै आफ्ना परिवारबाट टाढा रहनु पर्ने बाध्यताबाट युवाहरुलाई मुक्त गराउदछ । जसबाट दैनिक हजारौंको संख्यामा आफु आफ्नो भबिष्य र परिवार र अनौपचारिक रुपमा देशकै लागी बिदेशिनु पर्ने र अकाल मृत्युवरण गरी बाकसमा फर्कनु पर्ने अवस्था र उता परदेश जानेहरु परदेशी भुमिमा बिभिन्न मनोसामाजिक समस्याबाट गुज्रनु पर्ने र यता स्वदेशमा परिवारका सदस्यहरु मानसिक चिन्तामा रहनु पर्ने तथा देखिएका अन्य बिभिन्न प्रकारका पारिवारिक र सामाजिक समस्याको अन्त्य हुनेछ । बिश्वका बिभिन्न देशहरु र नीति निर्माताहरुले बिषयबस्तु तथा बिकास रणनीतिका रुपमा सबैका लागी पुर्ण र उत्पादनशील रोजगारीलाई अघि बढाएको र सो को लागी बिभिन्न रणनीतिहरु तय गर्ने र योजना बनाएर कार्यान्वयन गरिरहेको पाईन्छ । यस सर्न्दभमा आफ्नै देश वा गाँउ, ठाँउका बिभिन्न क्षेत्रमा रोजगारीको अवस्था सृजना गर्दै बेरोजगारीको पुर्ण अन्त गर्ने र गरीबि न्युनीकरणमा सहयोग पुर्याउनको लागी हतुवागढी गाँउपालिका स्तरीय "रोजगार रर्णनीति (Employment Strategy)" तर्जुमा गरिएको छ ।

### २) रणनीतिको आवश्यकता/औचित्य

नेपालको संबिधान २०७२ को भाग ३ मा मौलिक हकहरुको ब्यबस्था गरिएको छ । जस मध्य धारा ३३ मा रोजगारीको हक सम्बन्धि ब्यबस्था गरिएको छ यसको उपधारा १ मा प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ, रोजगारीको शर्त अवस्था र बेरोजगार सहायाता संघीय कानुन बमोजिम हुनेछ भनिएकोछ भने उपधारा २ मा प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भन्ने ब्यबस्था गरिएकोछ । यसैगरी धारा ३४ मा श्रमको हकको ब्यबस्था गरिएको छ यसको उपधारा १ मा प्रत्येक नागरिकलाई उचित श्रमको अभ्यास हुनेछ भन्ने ब्यबस्था गरिएकोछ । उपधारा २ मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुबिधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ भन्ने ब्यबस्था गरिएको छ यसैगरी उपधारा ३ मा प्रत्येक श्रमिकलाई कानुन बमोजिम ट्रेड युनियन खोल्ने त्यसमा सहभागी हुने र सामुहिक सौदावाजी गर्न पाउने हक हुनेछ भन्ने ब्यबस्था गरिएको छ भने धारा ४२ सामाजिक न्यायको हक अन्तर्गतको उपधारा २ मा "आर्थिक रुपले बिपन्न तथा लोपोन्मुख समुदायका नागरिक हरुको संरक्षण, उत्थान, सशक्तिकरण र बिकासका लागी शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा बिशेष अवसर तथा लाभ पाउने हक हुनेछ भनिएको छ ।" यसैगरी धारा ४३ सामाजिक सुरक्षाको हक अन्तर्गत "आर्थिक रुपले बिपन्न, अशक्त र असहायअवस्थामा रहेका असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा



प्रेम कुमार राई
अध्यक्ष

लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनिएको छ ।" संविधानको यही भाग र धारा अनुसार "रोजगारीको हक सम्बन्धि ऐन-२०७५" र "रोजगारीको हक सम्बन्धि नियमावली-२०७५" जारी गरी रोजगारी सम्बन्धि कार्यहरु अगाडि बढाई रहेको पाईन्छ । रोजगारी सम्बन्धि मौलिक हकको कार्यान्वयन गरी बेरोजगार नागरिकको मौलिक हकको सुरक्षा गर्न साथै रोजगारीको क्षेत्रमा देखिएका बिभिन्न चुनौतिहरुको सामना गर्न, सामाजिक सुरक्षाको खाँचो रहेका नागरिकहरुको सामाजिक सुरक्षा गर्न र बेरोजगारी समस्याको समाधान गर्न स्थानीय रोजगार रणनीतिको आवश्यकता देखिएको हो । यस्ता परिस्थितिलाई सम्बोधन गर्ने क्रममा राष्ट्रिय स्तरमा बि.सं.२०६९ को राष्ट्रिय श्रम सम्मेलनले नेपालको बदलिँदो सामाजिक आर्थिक वातावरणका चुनौतिहरुलाई सम्बोधन गर्न राष्ट्रिय बिकास समस्या समितिको निर्देशनलाई पुरा गर्न समेत केन्द्रमा नयाँ राष्ट्रिय रोजगार नीति तयार गरिएको छ त्यसलाई आधार मान्दै स्थानीय तहमा समेत रोजगार रणनीति तयार गरिएको हो ।

मानिसहरुले निर्वाहमुखी कृषिलाई बिभिन्न कारणले बिस्तारै छाड्दै गईरहेका छन भने ब्यबसायिक कृषि तर्फ केही आशालाग्दो कामको शुरुवात भएको पाईन्छ तथापि यो प्रयाप्त देखिदैन । हतुवागढी गाउँमा तत्काल ठुला उद्योगहरुको स्थापना हुने संभावना कम देखिन्छ तथापि साना तथा घरेलु उद्योगहरु प्रशस्त रहेको पाईन्छ यसबाट केही संख्यामा रोजगारी सृजना भएको पाईन्छ भने बाहिरबाट मात्रै बस्तुहरु आयात गर्ने र यहाँको पुजीं बाहिर मात्रै पलायन हुने अवस्थालाई सन्तुलनमा ल्याउने भुमिका निर्वाह गरिरहेको पाईन्छ । यस सन्र्दभमा नै हतुवागढीको बेरोजगार जनसंख्यालाई कसरी रोजगारमुलक काममा संलग्न गराई बेरोजगार दर कम गर्ने भन्ने उद्धेश्यलाई समेत पुरा गर्न रोजगार रणनीति २०८० को तर्जुमा गरिएको छ ।

## (३) अध्ययन पद्धति

### ३.१ प्रधानमन्त्री रोजगार कार्यक्रमको आधार

केन्द्र सरकारको तहबाट समाबेशीकरणको बिषयलाई समेत मध्यनजर गर्दै गरीबि न्युनीकरण गर्न सर्वाधिक प्रभावकारी संयन्त्रका रुपमा रोजगारीको महत्व रहेको बिषयलाई स्वीकार गरी नेपाल सरकारले रोजगार सम्पन्न र समाबेशी आर्थिक बृद्धिलाई प्रर्बदन गर्नेमा ध्यान केन्द्रित गरीरहेको छ । बिभिन्न क्षेत्रका योजनाहरुले रोजगारीको महत्वमाथी जोड दिँदै समाबेशी, उत्पादनशील तथा लक्षित बर्ग केन्द्रित कार्यक्रमहरुको बिस्तार गर्दै मर्यादित रोजगारी बृद्धि गरी असमानता तथा बेरोजगारी र गरीबि न्युनीकरण गर्ने उद्धेश्य राखि बिभिन्न समयमा बेरोजगारीलाई अन्त गर्ने र गरिबी न्युनीकरणका लागी बिभिन्न प्रयासहरु भएको पाईन्छ । जसले गर्दा देशको बेरोजगारी र गरीबि प्रतिशत कम गर्ने कार्यमा महत्वपुर्ण योगदान गरेको पाईन्छ । राज्यको तर्फबाट राष्ट्रिय श्रम नीति २०५६ तर्जुमा गरिए पछि यसमा ब्यापक सुधार गरी रोजगार नीति २०६२ ल्याईयो जसले रोजगारको तत्कालिन रोजगारीको बिस्तृत प्रकृतिलाई समेटेको थियो । आय आर्जनमुखी रोजगार सृजना गरी गरीबि निवारणको लक्ष्य हाँसिल गर्न उक्त नीति जारी गरिएको थियो । जनआन्दोलन २ पश्चात नेपालको अन्तरिम संबिधान २०६३ ले पनि रोजगारीलाई मौलिक हकको रुपमा स्थापित गरेको थियो । साथै श्रम तथा रोजगार नीति २०६२ का अतिरिक्त नेपाल सरकारले धेरैवटा क्षेत्रगत नीतिहरु तर्जुमा गरीसकेको छ । जसमा रोजगारीलाई महत्वका साथ समेटिएको छ । यस सम्बन्धि प्रमुख नीतिहरुमा औद्योगिक नीति, राष्ट्रिय



प्रेम कुमार राई
अध्यक्ष

कृषि नीति, राष्ट्रिय युवा नीति र प्राबिधिक तथा ब्यवसायिक शिक्षा तथा तालिम नीतिहरु रहेका छन। बिभिन्न समयका नीति तर्जुमा सो को कार्यान्वयनका अनुभवहरुबाट अहिलेको प्रधानमन्त्री रोजगार कार्यक्रमको आधार तयार भएको हो ।

३.२ हतुवागढीमा भएका बिगतका प्रयासहरु

पुर्वी नेपालको रमणीय स्थानमा भोजपुर जिल्ला अवस्थित रहेको छ ; भोजपुर जिल्ला अन्तर्गत पर्ने हतुवागढी गाँउपालिका मुलुक संघीयतामा गएर राज्यको पुर्नसंरचना भए पछाडि साबिकको ६ वटा गाँउ बिकास समितिहरु (रानीबास, होम्ताङ्ग, खैराङ्ग, सिन्द्राङ्ग, पात्लेपानी र हसनपुर)को संयोजनबाट निर्माण भएको हो ।

तत्कालिन समयमा गाँउ बिकास समितिहरुमा त्यति धेरै रकम बिनियोजन हुदैन थियो तथापि गाँउ बिकास समितिहरुले आ आफ्नै ढंगले छोटो समयको लागी रोजगारी सृजनाको काम गरेको पाईन्छ तर त्यो एकदमै सानो मात्रामा रहेको पाईन्छ भने ब्यवसायिक रुपमा समेत त्यति अगाडि बढेको पाईन्न यता भौतिक निर्माण जस्ता काममा गाबिसहरुले केही बजेट बिनियोजन गरेको पाईन्छ यसबाट पनि केही समयको लागी नागरिकहरुले रोजगारी प्राप्त गरेको पाईन्छ सो समयमा निर्माण कार्यको लागी आधुनिक मेशीनहरुको उपलब्धता नहुनुले पनि मान्छेले नै काम गर्ने अवस्था रहेको थियो तर यो ब्यबस्थित रुपमा, योजनाबद्ध, समाबेशी चरित्रको भन्दा पनि ब्ल्याङकेट अवधारणमा आधारित थियो । यसमा खास लक्षित बर्ग बेरोजगार, बिपन्न, सिमान्तकृत, दलित समुदाय, एकल महिला या पुरुष भन्दा पनि तत्कालिन समयमा जस जसले ईच्छा गर्दछन उसैले काम गर्ने अवसर पाउने गरेको पाईन्छ । योजनाबद्ध रुपमा लक्षित बर्ग केन्द्रित भएर सरोकारवालाहरुको समेत सहभागितामा ठोस योजना निर्माण गर्ने र सो को कार्यान्वयन गर्ने कार्य कमै भएको पाईन्छ । तथापि केही न केही कार्य भएको पाईन्छ ।

(४) क्षेत्र

हतुवागढी गाउँपालिकाको ९ वटै वार्डहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम आर्थिक बर्ष ०७५/०७६ बाट संचालनमा रहेको छ । "स्थानीय रोजगार रणनीति २०८०" को तर्जुमा गरे पश्चात हतुवागढी गाउँपालिकाका ९ वटै वार्डहरुमा अझ ब्यबस्थित रुपमा रोजगारीका क्षेत्रहरुको पहिचान गरी अत्यधिक रुपमा गाउँपालिका क्षेत्र भित्र रोजगारीका अवसरहरु सृजना हुनेछ ।

(५) सीमा

रोजगारीका अवसरहरु सृजना गर्न र समपुर्ण रोजगारीको क्षेत्रमा केही सीमाहरु रहेका छन् । भोजपुर जिल्लाको सुदुर दक्षिण क्षेत्रमा बिकट भौगोलिक अवस्थितिमा रहेको हतुवागढी गाउँपालिकामा ठुला उद्योग, कल कारखानाहरु रहेका छैनन् । न त ठुला ठुला खानीहरु रहेका छन् । ठुला ठुला बिकास निर्माणका योजनाहरु पनि संचालनमा रहेका छैनन् । केही बिकास निर्माणका योजनाहरु संचालनमा रहेका छन् भने घरेलु उद्योगहरु मात्र संचालनमा रहेका छन् । यस अवस्थामा हतुवागढी गाउँपालिकामा रोजगारीको अवसरहरु सृजना गर्न निकै नै चुनौतीपुर्ण रहेको छ । यसका सीमाहरु निकै नै संकुचित रहेको छ ।

## खण्ड-२

## बर्तमान अवस्थाको बिश्लेषण (Current Situation Analysis)

नेपाल संघीय संरचनामा गए पछि पनि बिभिन्न तहका सरकारहरुले बेरोजगारी समस्या समाधान गर्ने र गरीबि न्युनिकरण गर्ने कार्यलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गर्ने कार्य गरिरहेको पाईन्छ । बिभिन्न सामाजिक सुरक्षाका कार्यक्रमहरु संचालन गरिरहेको पाईन्छ जसबाट आधारभुत गरिबी न्युनिकरणमा टेवा पुगीरहेको छ । बिगतको दशकमा नेपालको अर्थतन्त्र औसतमा ४.१ प्रतिशतले मात्र बृद्धि भएको पाईन्छ । उत्पादनशील रोजगारी सृजना गर्नको लागी यो प्रयाप्त थिएन । सामान्यतया आर्थिक बृद्धिका प्रमुख स्रोतहरुमा सेवा क्षेत्र र कृषि नै थिए । औद्योगिक क्षेत्रले अपेक्षित उपलब्धि हाँसिल गरेको थिएन । बिप्रेषणको बढ्दो आप्रवाह जसमा कुल ग्राहस्थ उत्पादनको करीब २९ प्रतिशत हिस्सा रहेको छ सो को पृष्ठभुमी केलाउदा नेपालको आर्थिक बृद्धिलाई घरायसी र आधुनिक सामग्री खरीदले प्रभावित बनाएको देखिन्छ र यसले निर्यातको न्युन बृद्धि दरको नकारात्मक असरलाई सन्तुलनमा ल्याउन प्रमुख भुमिका खेलेको छ । स्थिर पुजी निर्माण निक्कै कमजोर स्तरमा रहेको छ बृद्धिका आधारमा हेर्ने हो भने यो केवल ६ प्रतिशत मात्रै रहेको छ । सार्वजनिक क्षेत्रको स्थिर पुँजी निर्माण अत्यन्तै न्युन रहेको छ । राजनैतिक संक्रमण, चुनौतीपुर्ण नियमन र कानुनी संरचनाका साथै वित्तिय क्षेत्रको जोखीमहरुले पनि यसलाई त्यत्तिकै असर पारिरहेको छ । बि.सं २०७९ मा कृषि क्षेत्रको योगदान कुल ग्राहस्थ उत्पादनको करीब ३४.४ प्रतिशत रहने अनुमान गरिएको थियो, जबकि यसमा उद्योग क्षेत्रको १४.४ र सेवा क्षेत्रको ५३.२ प्रतिशत रहेको थियो । तथापि मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रको हिस्सा घट्दो क्रममा रहेको भए पनि यही क्षेत्रले कुल श्रम शक्तिको करीब ७४ प्रतिशतलाई रोजगार प्रदान गरिरहेको छ । आर्थिक बर्ष ०६९/०७० मा कुल जनसंख्याको २३.८ प्रतिशत नेपाली गरिबिको रेखा मुनि रहेको तथ्याङ्क रहेको छ । गरिबीको स्तर र माथि देखी तल सम्म फैलिएको बिभेद (Vertical Discrimination)मा बिस्तारै कमी आए पनि समान तहमा हुने बिभेद (Horizontal Discrimination) अझै कायम छ । खास गरी भौगोलिक क्षेत्र, सामाजिक समुह र महिलामा गरिबी, बेरोजगारी र मानव बिकास सुचकमा असमानता र बिभेदहरु कायमै रहेका छन् । मानव बिकास सुचकाङ्कमा नेपाल १४३ औं स्थानमा पर्नुले पनि यो कुराई इङ्गित गर्दछ । जबकि दक्षिण एसियाली देशहरु मध्ये पाकिस्तान र अफगानिस्तान बाहेक यो सुचकाङ्कमा अन्य सबै देशहरु नेपाल भन्दा माथि रहेको पाईन्छ । बिभिन्न जाति र जातिय समुहहरुको बिचको भिन्नता भौगोलिक क्षेत्रको बिषय भन्दा बढी मुखरित भई रहेको छ । यसर्थ यसले कुनै खास ईलाका वा क्षेत्र भित्र पनि बिशेष सामाजिक समुहलाई लक्षित गर्न आवश्यक छ । यी समष्टिगत आर्थिक बिकासका चुनौतिहरुका सर्न्दभमा नेपालले बेरोजगारी संग सम्वन्धित बिबिध किसिमका चुनौतिहरु सामना गर्न परिरहेको छ । श्रम आपुर्तिमा बलियो दबाब, अनौपचारिक रोजगारको प्रभुत्व, संरचनागत रुपान्तरण र उत्पादनशील रोजगारी सृजनाको कमी, अपर्याप्त सीप, शैक्षिक उपलब्धि तथा श्रम बजारमा क्षेत्रीय र सामाजिक लेङ्गिक बिभेद आदिलाई यस अर्न्तगत लिन सकिन्छ ।

बि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ । जसमा महिलाको जनसंख्या १ करोड ४९ लाख १ हजार १ सय २७ रहेको छ भने पुरुषको जनसंख्या १ करोड ४२ लाख ५३ हजार ५ सय २१ रहेको छ । लैङ्गिक अनुपात (



प्रेम कुमार राई
अध्यक्ष

प्रति महिलामा पुरुषको संख्या) ९५.५९ रहेको छ । नेपालमा युवा जनसंख्याको बाहुल्यता रहेको छ । ३५ बर्ष भन्दा कम उमेरको जनसंख्या कुल जनसंख्याको झण्डै ७० प्रतिशत रहेको छ । तथापि अहिलेको मुख्य चुनौति नै यो उमेर समुहको देशले कसरी लाभ लिने भन्ने हो । राष्ट्रिय युवा नीति २०६६ ले नेपालमा युवालाई १६ बर्ष देखी ४० बर्ष बीचका मानिस भनी परिभाषित गरेको छ । यस परिभाषालाई आधार मानेर हेर्दा युवाको उमेर समुहका जनसंख्याको करीब ४० प्रतिशत हिस्सा युवाको देखिन आउँछ । जनसंख्या बृद्धिदर अघिल्लो दशकमा (२०४८-२०५८) प्रति बर्ष २.२५ थियो यसबाट कमश घट्दै गएर ०.९२ भएको छ ०६८ को जनगणना अनुसार उक्त बृद्धिदर १.४० थियो तथापि नेपालको श्रम शक्ति चाहि अहिले निरन्तर बढिरहेको छ । देशको कुल श्रम शक्ति २०५८ मा १ करोड १८ लाख ४० हजार रहेकामा २०६८ मा बृद्धि भएर १ करोड ५९ लाख १० हजार पुगेको छ । यसबाट श्रम शक्तिको बार्षिक बृद्धि दर २.४ प्रतिशत रहेको देखिन्छ । श्रम शक्तिको बनावटमा पनि निक्कै नै परिवर्तन भएको पाईन्छ श्रम बजारमा अहिले महिलाको हिस्सा उल्लेखनीय रहेको छ । शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्यामा बृद्धि भएको छ । यसबाट शहरी क्षेत्रमा रोजगारी सृजनाको लागी दबाब बढेको महसुस गरिन्छ तथापि गाँउ क्षेत्रमा पनि यो दबाब कम चाहि छैन । नेपाल श्रमशक्ति सर्वेक्षण २०६५ का अनुसार रोजगारीमा रहेका १५ बर्ष भन्दा माथिको जनसंख्या १ करोड १७ लाख ८० हजार रहेको छ । जसले नेपाल श्रमशक्ति सर्वेक्षण २०५५ भन्दा रोजगार सृजनाका दृष्टिले २.२ बृद्धि भएको देखाउछ । रोजगारीमा रहेकाको औसत अनुपात ८१.७ रहेको अनुमान छ । जहाँ पुरुष ८५.५ प्रतिशत र महिला ७८.५ रहेको छन् । नेपालको श्रम बजारमा मर्यादित कार्यको कमीको सही सुचक बेरोजगारीको अवस्था होइन । किनकि बेरोजगार दर २०६५ मा २.१ मात्र रहेको थियो । जसमा पुरुष बेरोजगार दर २.२ र महिला बेरोजगार दर २.० प्रतिशत रहेको थियो । यद्यपि सम्पुर्ण रुपको बेरोजगारी दर अहिले ११.४ प्रतिशत रहेको छ । खुला र पुर्ण बेरोजगारीको समस्या भन्दा पनि समय सम्बद्ध न्युन रोजगारीको समस्या, सीपको बेमेल र न्युन आर्जन नै मुख्य सरेकारका बिषयहरु हुन् । यसले श्रम उपयोगको न्युन स्तरलाई प्रतिबिम्बित गरेको छ । शहरी क्षेत्रहरुमा ग्रामीण क्षेत्रहरुको भन्दा निक्कै न्युन श्रमशक्ति सहभागीता दर रहेको छ । यो दर शहरमा ६७ प्रतिशत र ग्रामीण भेगमा ८४ प्रतिशत रहेको छ । पुरुषको श्रमशक्ति सहभागीता दर ८०.९ र महिलाको ७९.४ रहेको छ । क्षेत्रिय भिन्नताका आधारमा श्रमशक्ति सहभागीता दर शहरी क्षेत्र त्यसमा पनि काठमाण्डौं उपत्यका क्षेत्रमा ज्यादै न्युन ६१ प्रतिशत रहेको छ । जहाँ बेरोजगारी दर सर्वाधिक बढी ८ प्रतिशत रहेको छ । अर्कातर्फ श्रमशक्ति सहभागीता दर मध्य तथा सुदुर पश्चिमको ग्रामीण पहाडी क्षेत्रमा सर्वाधिक बढी ९० प्रतिशत रहेको छ । जबकि यी क्षेत्रहरुमा बेरोजगार दर सबैभन्दा कम एक प्रतिशत भन्दा कम रहेको छ । रोजगारीमा बृद्धिका अलावा गुणस्तरीय रोजगारी सृजनाका निन्ति उत्पादक युक्त बृद्धि अत्यावश्यक हुन्छ किनकि श्रम उत्पादकत्व राम्रो भएमा त्यसले राम्रो कार्य अवस्था, बढी ज्याला तथा मानव स्रोतमा बढी लगानी गर्ने तर्फ उन्मुख गराउँछ । आम रुपमा अनौपचारिक क्षेत्र नेपालको दीर्घ स्थायी आर्थिक बिशेषता रही आएको छ । उत्पादन, आय आर्जनका कामहरु तथा रोजगारी सृजनामा अनौपचारिक क्षेत्रको प्रभुत्व रही आएको छ । नेपाल श्रमशक्ति सर्भेक्षण २०६५ का अनुसार रोजगारीमा रहेका ९६.२ प्रतिशत मध्य बहुसंख्यक नेपाली कामदारहरु अनौपचारिक क्षेत्रका काममा आबद्ध छन् । अनौपचारिक क्षेत्रका रोजगारीहरु न्युन गुणस्तरीय, अनुत्पादक र न्युन पारिश्रमिकबाट ग्रस्त छन् ।

प्रेम कुमार राई
अध्यक्ष

शिक्षाको स्तर र रोजगारी बीचको अन्तर सम्बन्ध निक्कै महत्वपुर्ण हुन्छ । शिक्षा क्षेत्रको दृष्टिकोण नै राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारका आवश्यकता पुरा गर्ने सीप भएका प्रतिष्पर्धी र उत्पादकत्व राम्रो भएका नागरिक उत्पादन गर्नु हो । नेपालमा आधारभुत भौतिक पुर्वाधारको कमी, अपर्याप्त शिक्षक र उतीर्ण हुने दरमा सामुदायिक र नीजि बिद्यालयहरु बीचको भिन्नताका कारण औपचारिक शिक्षामा समस्या देखिन्छ । शिक्षामा महिला, दलित, अपाङ्गता भएका ब्यक्ति, अशक्त, पिछडिएका समुह, आदिवासि जनजाति र तराई मधेशका नागरिकहरुको पहुँच नहुनु अर्को प्रमुख चुनौति हो । नेपालमा शैक्षिक उपलब्धिका दृष्टिले पछिल्लो समय राम्रै उपलब्धि भए पनि कुल साक्षरता दर (५ वर्ष र त्यो भन्दा माथि) झण्डै ६० प्रतिशत छ । र आ.व. ०६०/०६१ मा रहेको ५०.६ प्रतिशतको तुलनामा यो निक्कै राम्रो सुधार हो । नेपाल श्रमशक्ति सर्वेक्षण २०६५ ले बिद्यालय शिक्षामा हाल उपस्थित नरहेका तर कुनै न कुनै किसिमको शैक्षिक तह पुरा गरेकाहरुको तथ्याङ्क उपलब्ध गराएको छ । झण्डै एक तिहाई युवा कहिले पनि कुनै प्रकारको बिद्यालय भर्ना भएको छैनन् र ६० प्रतिशतले कक्षा ५ वा त्यो भन्दा तल्लो तह मात्रै उतीर्ण गरेका छन् । माध्यामिक र उच्च्व तहको शिक्षा उतीर्ण गर्ने युवाको अनुपात ज्यादै न्युन छ । १७.१ प्रतिशत युवाले मात्र  कक्षा १० वा त्यो भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेका छन् । "शिक्षित युवा" मा रहेको न्युन योग्यताले "शिक्षित" भनिएकाहरु पनि धेरै गुणा कमजोर तथा श्रम बजारमा प्रबेश गर्ने क्रममा अनुभवहीन भएको दृष्य प्रस्तुत गर्दछ । शिक्षाको स्तर सँगै निस्कृयता र बेरोजगारको दर बढ्दो क्रममा रहेकोले शिक्षित बेरोजगारको बर्तमान परिस्थिति त्यति सकारात्मक छैन । मुलुकको कुल जनसंख्यामा आवश्यक परेको रोजगारको तुलनामा युवा जनसंख्याको अनुपात तीव्र रुपमा बृद्धि भईरहेको छ । देशमा ब्याप्त गरिबी र राम्रो रोजगारको बिकल्पको कमीले ठुलो युवा जमात बाँच्नकै लागी पनि अनौपचारिक क्षेत्रका कृयाकलापमा संलग्न हुन परिरहेको छ उनीहरु सँग यो भन्दा राम्रो बिकल्प पनि छैन । रोजगार पाउन असक्षम भएमा त्यसले युवामा जोखिमपना र प्रयोग बिछिन्नताको भावना सृजना गर्ने संभावना हुन्छ । उनीहरु नै सिमान्तीकरण,  बहिष्करण,  नैराश्यता र न्युन आत्मसम्मानबाट गुज्रनु पर्ने हुन सक्छ ।

शिक्षा र सीप बिकासका कृयाकलापहरुले सामान्यतया श्रम बजारका सम्पुर्ण माग सम्बोधन गर्न् गर्दछ । साथै यी कृयाकलापहरुले अस्थायी बैदेशिक रोजगारीका लागी बिदेश जानेहरु र बौद्धिक पलायन हुनेहरुका कारण सिर्जित क्षतिलाई समेत भरथेग गर्नु पर्ने हुन्छ । दक्ष जनशक्तिको तीव्र रुपमा भई रहेको परिवर्तित मागलाई प्रभावकारी रुपमा प्रक्षेपण, बिष्लेषण र अनुगमन गर्नको लागी श्रम बजार सुचनाको संकलन र बिष्लेषण गर्न पनि नीतिगत कियाशीलता आवश्यक छ ।जनशक्तिको माग र आपुर्ति पक्ष बीच पनि तालमेल हुन सकिरहेको छैन । हाल उच्च्व दक्ष जनशक्ति(स्टाफ नर्स, डाक्टर)को आपुर्ति मागको तुलनामा बढी छ  जब कि त्यो भन्दा कम दक्ष जनशक्तिको आपुर्ति तुलनात्मक रुपमा कमै छ । यसै गरी प्राबिधिक शिक्षा लिएका ब्यक्तिहरु(इन्जिनियर, सब ईन्जिनियर र बैज्ञानिकहरु)को मागको तुलनामा आपुर्ति बढी भईरहेको छ । प्राबिधिक दक्ष जनशक्तिको यस्तो अवस्था रहेको सन्दर्भमा उच्च्व शिक्षित कामदार, प्रशासक, ब्यबस्थापक, प्राध्यापक, कानुन ब्यबसायी र अरु क्षेत्रहरुको आपुर्ति मागको तुलनामा बढी नै देखिन्छ । ब्यबसायिक सीप युवाका लागी उपलब्धिमुलक हुन सक्छ । तथापि बिद्यालय देखी संक्रमणकालिन सर्भेक्षण २०६५(School-to-work-transition survey) के देखाएको छ भने ब्यबसायिक शिक्षा/तालिमले स्थायी वा करियर रोजगारमा अग्रसर गराउन मद्धत भए पनि त्यस्तो ब्यबसायिक शिक्षा/तालिमलाई नेपाली युवाले कम सम्मानजनक ठान्छन् । बरु सामान्यतया माथिल्लो



प्रेम कुमार राई
अध्यक्ष

प्राज्ञिक डिग्री नै राम्रो रोजगार प्राप्त गर्न आवश्यक रहेको उनीहरुको बुझाई छ । रोजगारदाताहरुले [illegible] कुनै किसिमका पदमा आबेदन गर्ने युवाको शैक्षिक योग्यतालाई नै सर्वाधिक महत्व दिएको पाईन्छ । हातको भरमा गरिने उत्पादनमुलक कामका निम्ति शैक्षिक स्तरलाई खासै महत्व दिएको पाईन्न । तथापि ब्यवसायिक शिक्षा र तालिममा लगानी बढाउन पर्ने खाँचो छ । सीपयुक्त जनशक्तिको माग र आपूर्ति तर्फ सरोकारवालाहरुको ध्यान पुग्न आवश्यक छ । श्रमशक्तिमा बृद्धि भए बमोजिम रोजगारका अवसर कमी भएको परिणाम स्वरुप मुख्य श्रम बजारमा समायोजन गर्न पर्ने चाप बृद्धि भई आप्रवासी कामदारको संख्या बढेको छ । नेपाल जीवन स्तर सर्भेक्षण २०६७/०६८ अनुसार नेपालको कुल जनसंख्याको २०.३ आप्रवासी छन् जस मध्य पनि २९.८ पुरुष र १०.९ महिला रहेका छन् । आप्रवासीहरु मध्ये ५६.९ प्रतिशत आन्तरिक आप्रवासी छन् भने ४३.१ बाह्य आप्रवासी छन् । पुरुष आप्रवासीको संख्या २०५८ सालमा ६ लाख ७९ हजार ४ सय ६९ रहेको थियो भने २०६८ सम्म सो संख्यामा तीव्र बृद्धि भई १६ लाख ६३हजार २ सय ३७ पुगेको छ भने महिला आप्रवासीहरुको संख्या पनि २०५८ मा ८२ हजार ७ सय १२ रहेकोमा २०६८ सम्म २ लाख ५४ हजार ६ सय ६६ पुगेको पाईन्छ । बैदेशिक रोजगारीले नेपालको आर्थिक क्षेत्रमा समृद्धि ल्याउन योगदान पुर्याई गरीबि न्युनिकरणमा सहयोग पुर्याएको छ । नेपालका करीब ५६ प्रतिशत घर परिवारले बिदेशबाट बिप्रेषण प्राप्त गरिरहेका छन् । औसतमा बिदेशमा कार्यरत एउटा ब्यक्तिको घर परिवारले प्रति बर्ष ८०, ४६२ रुपैया बिप्रेशण प्राप्त गर्दछ । बि.सं. २०६४ मा गरिएको एउटा सर्भेक्षणका अनुसार २०५२/०५३ देखी ०६०/०६१ को समय अवधिमा पाँच भाग मध्य एक भाग गरीबि न्युनीकरणमा कार्य सम्बद्ध आप्रवासन तथा घर पठाईएको बिप्रेषणको भुमिका महत्वपुर्ण रहेको थियो ।

माथि उल्लेखित श्रमशक्ति बृद्धिको अवस्थालाई बिचार गर्दा नेपालमा हरेक बर्ष श्रम बजारमा ४ लाख ५० हजार भन्दा बढी मानिसहरु प्रबेश गरीरहेका छन् । नेपालमा हाल रोजगारी पाई रहेका तर उच्च उत्पादकत्व र कमाई हुने रोजगारको खोजी गर्ने उनीहरु समेतको पुरक आवश्यकता सम्बोधन गर्न पर्ने चुनौतीले समग्र श्रमशक्तिको आयामलाई प्रस्तुत गरेको छ । यो आधारमा बि.सं. ०६६-०७२ को अवधिमा प्रति बर्ष ५ लाख "उत्पादनशील रोजगारको"को अवसर सिर्जना गर्न पर्ने आवश्यकता अनुमान गरिएको छ । नेपाल सरकार र नीजि क्षेत्रका सम्पुर्ण तालिम प्रदायक संस्थाहरुबाट प्रदान गरिएका हालका तालिमहरुबाट प्रशिक्षित ब्यक्तिको बिद्यमान संख्या तथा सीपयुक्त तालिम लिन पर्ने आवश्यकता भएका ब्यक्तिको संख्या बीच ठुलो अन्तर रहेको छ । हरेक बर्ष नेपालबाट ४ लाख भन्दा बढी ब्यक्तिहरु रोजगारका लागी बिदेश गईरहेका छन् जबकि नेपालमा स्थापित बिभिन्न संघ संस्थाहरुले २०६७ को एक बर्ष संचालन गरेको तालिमबाट ७४, २७५ जना दक्ष ब्यक्ति उत्पादन भएका थिए । नेपालमा श्रम बजारको नियमनले लगानीमा सहजीकरण गरिरहेको छ वा अवरोध पुर्याईरहेको छ । भन्ने बिषयमा लामो समय देखी बहस चलीरहेको छ । औद्योगिक बृद्धि र रोजगारका निम्ति रोजगारदाता र श्रमिक/कर्मचारी बीच सुमधुर सम्बन्ध आवश्यक हुन्छ । तर औद्योगिक क्षेत्रमा हड्ताल र तालाबन्दिका घटनाक्रमहरु पछिल्ला बर्षहरुमा निक्कै नै बृद्धि भई रहेको छ ।

## हतुवागढी गाँउपालिकाको बर्तमान स्थिति

जनआन्दोलन २ र अन्य आन्दोलन पश्चात देशमा अन्तरिम संबिधान निर्माण भयो । संबिधान सभाको निर्वाचन भयो जसले लामो समय लगाएर देशमा नयाँ संबिधानको निर्माण गर्‍यो

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर
कोशी प्रदेश, नेपाल

जसलाई तत्कालिन राष्ट्रपति डा.रामबरण यादवले जारी गर्नु भयो । सो संविधानको भाग ३ मा मौलिक हकको ब्यवस्था गरिएको छ सो अर्न्तगत धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हक तथा धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सुरक्षाको हक सुनिश्चित गरिएको छ । यो संविधानले बिभिन्न नयाँ प्रणालीहरुको शुरुवात गरेको छ । यस मध्य देश संघीय संरचनामा लाने पनि हो देश संघीय संरचनामा गए पछि तत्कालिन पुर्वाञ्चल बिकास क्षेत्र अर्न्तगत कोशी अञ्चल भोजपुर जिल्ला १२ नम्बर ईलाका मा समेटिएका ६ वटा गाबिसहरु मिलाएर हतुवागढी गाँउपालिका निर्माण भएको छ । गाँउपालिका निर्माण र ब्यबस्थित भए पश्चात तत्कालिन केपी शर्मा वली प्रधानमन्त्री र गोकर्ण बिष्ट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रहेको संघीय सरकारले संविधानमा ब्यबस्था भए अनुसार रोजगारीको हक सम्बन्धि ऐन २०७५ ल्याएर "प्रधानमन्त्री रोजगार" कार्यक्रमको शुरुवात गरेको पाईन्छ । यस पश्चात हतुवागढी गाँउपालिकामा पनि रोजगार संयोजकको पदस्थापना भएर रोजगारीको कामलाई ब्यबस्थित रुपमा अगाडि बढाउदै गरेको अवस्था रहेको छ । यसले हतुवागढीमा सरकारी तवरबाट बेरोजगारी समस्या समाधान गर्ने र रोजगारी सृजनाको काममा महत्वपुर्ण भुमिका निर्वाह त गरेको छ नै भावी कार्य दिशाको लागी समेत मार्गनिर्देश गरेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार हतुवागढी गाउँपालिकाको कुल घरधुरी संख्या ४०३४ रहेको छ भने, कुल जनसंख्या १६ हजार १ सय ७५ रहेको देखिन्छ । यसैगरी वार्ड स्तरीय रुपमा हेर्ने हो भने तपशील अनुसार जनसंख्या रहेको पाईन्छ ।

| वार्ड नं. | महिला | पुरुष | जम्मा | आ.ब. ०८०/०८१ को लागी सुचीकृत हुन फाराम भर्ने संख्या | २०-५९ बर्ष उमेर समुहको संख्या |
|---|---|---|---|---|---|
| १ | १००८ | १०४१ | २०४९ | ४८ | |
| २ | १२७१ | १२२२ | २४९३ | १२७ | |
| ३ | ४७६ | ४५९ | ९३५ | ३५ | |
| ४ | १०६२ | १०२१ | २०८३ | ६४ | |
| ५ | १०२० | ९५१ | १९७१ | १८१ | ८०८३ |
| ६ | ११८७ | १११८ | २३०५ | २८२ | |
| ७ | ६७६ | ६५६ | १३३२ | ३२ | |
| ८ | ४६८ | ४७८ | ९४६ | ४९ | |
| ९ | १०३३ | १०२८ | २०६१ | २५ | |
| जम्मा | ८२०१ | ७९७४ | १६, १७५ | ८४३ | |

स्रोत:-राष्ट्रिय जनगणना २०७८ । रोजगार सेवा केन्द्र हतुवागढी ।



प्रेम कुमार राई
अध्यक्ष

## खण्ड-३

## रणनैतिक बिश्लेषण ( Strategic Analysis)

रोजगारीको बिषयलाई केन्द्र भागमा राखेर हेर्दा रोजगारी भन्नाले औपचारिक, अलि बढी र निरन्तर आम्दानी हुने, बैदेशिक रोजगारी, मासिक तलबी मात्र हो आम धारणा र बुझाई रहेको पाईन्छ। तथापि स्थानीय तथा राष्ट्रिय तवरमा पनि अनौपचारिक तथा स्वरोजगारीको क्षेत्र चाहि अलि छाँयामा परे जस्तो देखिन्छ। तर अनौपचारिक रोजगारी तथा स्वरोजगारीको क्षेत्रमा संलग्न हुने संख्या ब्यापक रहेको छ। थोरै तथा दिगो आम्दानी भन्दा छोटो समयमा धेरै आम्दानी हुने खालको क्षेत्रमा मानिसहरुको ध्यान केन्द्रित रहेको पाईन्छ। ब्यवसायिक उत्पादनमा हात हाले पनि बिभिन्न प्राबिधिक र अन्य कारणले गर्दा सो कार्यबाट भने जस्तो प्रतिफल नपाउने, ढिलो प्रतिफल प्राप्त हुने, कतिपय नीति नियमका कारण ब्यवसायको निरन्तरता र त्यसले सृजना रोजगारीमा समस्या देखिन्छ। बैदेशिक रोजगारीमा गएर जस्तो पनि काम गर्ने तर स्थानीय या स्वदेशमै कामलाई सम्मान नगर्ने प्रबृतिले गर्दा पनि रोजगारीको क्षेत्रमा समस्या देखिएको छ यसले यहाँका युवाहरु बिदेश जानु पर्ने र बिदेशका कामदारहरु चाहि यहाँ आएर काम गरी यहाँको मुद्रा आफ्नो देशमा लगिरहेको अवस्था पनि बिद्यमान रहेको छ। प्राबिधिक सीपको अभाव पनि यहाँका जनशक्तिले काम नपाईरहेको अवस्था छ पुल निर्माण गर्न पर्‍यो भने प्राबिधिक जनशक्ति ईण्डिया या बंगलादेश या अन्य ठाँउबाट आयात गर्न पर्ने समस्या रहेको छ।

## खण्ड-४

## रणनैतिक सवालहरु ( Strategic Issues)

हाल सम्म भएका नीतिगत प्रयासहरुका बाबजुद रोजगारीका संख्यात्मक र गुणात्मक चुनौतीहरु अझपि कायमै छन् र यो अवस्थाले नेपालको श्रम बजारका राम्रो रोजगारीको अवसरको कमी रहेको अवस्थाको प्रतिबिम्बित गर्दछ। श्रम बजारका चुनौतीहरु प्रस्तुत बुँदाहरुमा हेर्न सकिन्छ।

(क) अप्रर्याप्त संरचनागत रुपान्तरण र बिबिधता।
(ख) उत्पादनशील रोजगारीको कमी(न्युन उत्पादकत्व, न्युन ज्याला र कार्य अवस्था)।
(ग) शिक्षाको कमजोर स्तर तथा अप्रर्याप्त सीप बिकास, बैदेशिक रोजगारीको आकर्षण र खोजी,
(घ) श्रम बजार सुचना प्रणाली र श्रम प्रशासनको अभाव।
(ङ) छिटो प्रतिफल दिने कार्यहरु तर्फको आकर्षण।
(च) प्राबिधिक सीपको कमी।

नेपालले सामना गरिरहेका श्रम बजारका यी चुनौतीहरु निकै जटिल छन्। यिनीहरु देशको आर्थिक, सामाजिक र राजनैतिक सर्न्दभ सँग गहिरो गरी जोडिएका छन्। यसैबीच प्रभावकारी नीति नियम निर्माणका सर्न्दभमा बिचार गर्दा मुलुकको समग्र बिकासको उद्धेश्य हाँसिल गर्न योगदान पुर्‍याउन सक्ने प्रभावकारी कार्यक्रम र परियोजनाहरु समाबेश रहेका नीतिहरुको कार्यान्वयन नै प्रमुख आवश्यकताको रुपमा रहेको छ। रोजगारीका दृष्टिबाट नीति कार्यान्वयनमा अझ प्रभावकारीता ल्याउन कार्यान्वयन क्षमतामा थप बृद्धि गर्न पर्ने रोजगारी बृद्धि पहलहरुको अनुगमन र मुल्यांकनमा सुधार गर्न पर्ने तथा नीति निर्माणको उद्धेश्यका रुपमा रोजगारीको प्राथमिकीकरण र समन्वयलाई सबलीकररण गर्न

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर
कोशी प्रदेश, नेपाल

गर्ने आवश्यकता छ । नेपालमा देखिएको कमजोर औद्योगिक सम्बन्ध श्रम बजार सुधारका प्रमुख चुनौतीहरु मध्य एक हो । जसले श्रम कानुनको सुधार र कार्य संचालनमा सुधार ल्याउने नीतिहरुको प्रभावकारी कार्यान्वयनमा रोकावट ल्याउछ यो पनि मुख्य चुनौती नै हो । रोजगारी सृजनाका लागी लगानी अत्यावश्यक हुन्छ; तर आवश्यक पुर्वाधारहरुको सिमितता, राजनैतिक अस्थिरता, लगानी मैत्री वातावरण निर्माणमा ढिलाई तथा अर्थतन्त्रको धेरै क्षेत्रमा रहेको कमजोर उत्पादकत्वले बढ्दो जनशक्तिलाई सही प्रयोगमा ल्याई रोजगारी सृजना गर्न सकिरहेको छैन । बर्तमान सन्र्दभमा रोजगारी सृजनामा उर्जा क्षेत्रको पनि महत्वपुर्ण भुमिका रहेको छ उर्जा उत्पादन कार्य र उत्पादित उर्जाको बिक्री र त्यसबाट निर्माण गर्न सकिने रोजगारी एकातिर छ भने अर्कोतिर माग बमोजिमको नियमित उर्जा आपुर्तिमा कमी हुँदा सम्पुर्ण आर्थिक, सामाजिक तथा अन्य बिकासका गतिबिधिहरु संचालनमा समस्या हुँदा पनि रोजगारीको क्षेत्रलाई सिधै असर परिरहेको छ ।

## खण्ड-५
## दुरदृष्टि, ध्येय र उद्धेश्य
## (Vision, Misson And Objectives)

दुरदृष्टि (Vision)

"समतामुलक समाज र समुन्नत हतुवागढी, कृषि, उद्यम, पर्यटन पूर्वाधार र प्रविधि"

ध्येय (Misson)

हतुवागढी गाउँपालिका भोजपुरमा उपलब्ध जनशक्ति(श्रमशक्ति)लाई प्रतिष्पर्धी बनाउदै सक्षम श्रम बजारको माध्यमबाट उत्पादनशील, मर्यादित एबं सुरक्षित रोजगारीमा संलग्न गराई बेरोजगार नागरिकहरुलाई रोजगारीमा संलग्न गराउने र राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरीबि न्यूनीकरणमा योगदान पुर्‍याउनु स्थानीय रोजगार रणनीतिको ध्येय(Misson) हो ।

उद्धेश्यहरु (Objectives)

रोजगार रणनीतिका उद्धेश्यहरु निम्न रहेका छन् ।

(क) बिभिन्न क्षेत्रगत रणनीतिहरुलाई यस रणनीतिसँग सामन्जस्यता कायम गरी बढी भन्दा बढी रोजगारी सृजना गर्ने ।

(ख) अनौपचारिक रोजगारीलाई क्रमश औपचारिक पद्धतिमा रुपान्तरण गर्दै लाने र रोजगारीको गुणस्तरमा सुधार ल्याउने ।

(ग) श्रम बजारको आवश्यकता अनुसारको ज्ञान सीपमा आधारित श्रम शक्ति तयार गर्न उपयुक्त अवसरहरु सिर्जना गर्ने ।

(घ) प्रवासी तथा आप्रवासी कामदारहरुको उचित ब्यबस्थापन गर्ने ।

(ङ) युवा लक्षित रोजगारका अवसरहरु सृजना गर्न प्राथमिकता दिने ।

(च) अनुसन्धनामा आधारित आधुनिक सुचना प्रणालीको प्रयोग बढाउदै श्रम बजारलाई सबल बनाउने ।

(छ) सुमधुर औद्योगिक श्रम सम्बन्धको बिकास गरी रोजगार मैत्री लगानीहरुलाई प्रोत्साहन गर्ने ।



प्रेम कुमार राई
अध्यक्ष

ज) सम्पुर्ण नागरिकहरुलाई उत्पादनमुलक र प्रतिफलमुलक रोजगारीका अवसरहरु उपलब्ध गराउने ।

## खण्ड-६

## रणनैतिक लक्ष्यहरु ( Strategic Goals)

६.१ रोजगारीको सृजना र बेरोजगारीको अन्त्य ।

६.२ नियमित आम्दानी, गुणस्तरीय जीवन र समृद्धि ।

## खण्ड-७

## रणनैतिक स्तम्भ ( Strategic Column)

७.१ रोजगारीमा संलग्न तथा बेरोजगारहरुको तथ्याङ्क संकलन ।

७.२ रणनीति तथा कार्यनीति निर्माण र कार्यान्वयन ।

## खण्ड-८

## प्रमुख रणनैतिक योजनाहरु ( Major Strategic Plans)

१) कृषि/पशुपालन क्षेत्र मार्फत रोजगारीमा बृद्धि गर्ने ।

२) उत्पादन क्षेत्र मार्फत रोजगारीमा बृद्धि गर्ने ।

३) निर्माण क्षेत्र मार्फत रोजगारीमा बृद्धि गर्ने ।

४) पर्यटन क्षेत्र मार्फत रोजगारीमा बृद्धि गर्ने ।

५) सुचना/प्रबिधि क्षेत्र मार्फत रोजगारीमा बृद्धि गर्ने ।

६) सेवा क्षेत्र मार्फत रोजगारीमा बृद्धि गर्ने ।

७) वैदेशिक रोजगारी(ईच्छुक मात्र) क्षेत्र मार्फत रोजगारीमा बृद्धि गर्ने ।

## खण्ड-९

## पाँच बर्षको कार्ययोजना ( Strategic Action Plan)

पाँच बर्षको कार्ययोजना अनुसुची १ को तालिका अनुसार हुनेछ ।

## खण्ड - १०

## श्रोत परिचालन र बजेट ब्यबस्थापन

## (Resource Mobilization And Budget Management)

कुनै पनि कार्यक्रम गर्नु या योजना अगाडी बढाउनु अघि स्रोतको सुनिश्चितता तथा त्यसको परिचालनको योजना हुन आवश्यक छ । यसको लागी बजेट ब्यबस्थापन हुन पनि उत्तिकै जरुरी रहेको



प्रेम कुमार राई
अध्यक्ष

छ। देश संघीयताको अभ्यासमा रहेको छ। रोजगार सेवा केन्द्र अर्न्तगतका कार्यक्रमहरुमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बजेट बिनियोजन गरी योजनाहरु अगाडि बढाई रहेको अवस्था छ। आ.व.०८०/०८१ मा पनि नेपाल सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई ५ अर्ब ९४ करोड रकम बिनियोजन गरेको छ।यसमा प्रदेश तथा स्थानीय तहहरुले स्रोत तथा बजेट ब्यबस्थापन गरेका ठाँउहरुमा कार्यक्रम अझ प्रभावकारी रुपमा अगाडि बढेका उदाहरण पाईन्छ। हतुवागढी गाउँपालिकामै पनि वार्ड र गाउँपालिकाको बजेट साझेदारीमा भएका कामहरुको अपनत्वको भावना बढी पाईन्छ।

## खण्ड-११

## रणनैतिक योजनाको निर्देशक समिति, अनुगमन र मुल्याङ्कन सम्बन्धि ब्यबस्था

## (Steering Committee, Monitoring And Evaluation)

हतुवागढी गाउँपालिका स्तरीय "स्थानीय निर्देशक समिति"

| | | |
|---|---|---|
| (१) गाउँपालिका अध्यक्ष | - अध्यक्ष | –१ |
| (२) गाउँपालिका उपाध्यक्ष | - सदस्य | –१ |
| (३) गाउँ कार्यपालिकाले तोकेको वडा अध्यक्ष | - सदस्य | –२ |
| (४) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत | - सदस्य | –१ |
| (५) गाउँपालिका रोजगार संयोजक | - सदस्य सचिव | –१ |
| | जम्मा | –६ |

रणनैतिक योजनाको निर्देशक समितिको काम पनि स्थानीय निर्देशक समितिले गर्नेछ। साथै सम्पुर्ण योजना तथा कार्यक्रमका अनुगमन तथा मुल्यांकन तोकिए अनुसार स्थानीय निर्देशक समितिले गर्नेछ। अनुगमन तथा मुल्याङकनका सुचकहरु निर्देशक समितिको बैठकले तय गरे अनुसार हुनेछ।

## खण्ड-१२

## जोखिम ब्यबस्थापन

## (Risk Management)

कुनै पनि कार्य या योजना संचालन गर्दा बिभिन्न प्रकारका जोखिमहरु हुने कुरा स्वभाविक नै हो। तथापि स्थानीय निर्देशक समितिले ती जोखिमहरु ब्यबस्थापन गर्न उचित बिधि अपनाई तथा कार्ययोजना निर्माण गरी कार्य अगाडि बढाउनेछ।



प्रेम कुमार राई
अध्यक्ष

## खण्ड-१३

## क्षेत्रगत रणनीतिहरु (Sectoral Strategic)

### १) कृषि/पशुपालन क्षेत्र (Agriculture/Livestock Sector)

- सिंचाई, कृषि सामग्री र आधुनिक प्रबिधिको ब्यबस्था गरी उत्पादन बृद्धि मार्फत कृषि/पशुपालन क्षेत्रमा संलग्न रहेकाहरुको उत्पादकत्व बृद्धि गरिनेछ र उच्च मुल्यका बाली लगाउने तर्फ बिषेश जोड दिईनेछ ।
- प्रमुख अन्नबाली, नगदेबाली तथा आय लचकता र उत्पादन तथा उत्पादकत्व बृद्धिको संभावना बढी भएका उप क्षेत्रको बिकासका लागी आवश्यक प्रोत्साहन गरिनुका साथै सुबिधा सम्पन्न संरचना निर्माण र बिस्तार गरिनेछ ।
- कृषि क्षेत्रको प्रबर्द्धनका लागी उप क्षेत्रहरुको छनौट गर्दा खाद्य सुरक्षा, रोजगार प्रबर्द्धन र निर्यात संभावना जस्ता पक्षलाई ध्यान दिईनेछ ।
- देशमा बिद्यमान जलवायुको बिबिधताबाट अधिकतम लाभ लिन प्रयास गरिनेछ ।
- कृषि/पशु उपजहरुको बजारीकरणमा जोड दिईनेछ । कृषि/पशु क्षेत्रको उत्पादकत्वमा सुधार ल्याई प्रतिष्प्रर्धात्मक क्षमतामा बृद्धि गरिनेछ ।
- कृषि/पशु उपजहरुको उत्पादकत्वमा बृद्धि, नबीनता तथा थप मुल्य अभिबृद्धि तथा मुल्य श्रृखंला( Add Value Chain) लाई बिश्व बजार सँग जोडिनेछ । उपयुक्त नीतिहरुको पहलका माध्यमबाट असंगठित रुपमा कृषि पेशा अंगाल्नेहरुको पनि उत्पादकत्व र आय आर्जनमा सुधार ल्याईनेछ ।
- निर्वाहमुखी उत्पादन प्रणलीलाई, ब्यबसायिकीकरण र आधुनिकीकरण गर्दै लैजानका लागी साना बचत परिचालन र प्राबिधिक सीप बिस्तारमा जोड दिईनेछ ।
- सहकारीहरुलाई कृषि उपजको उत्पादन देखी बजारीकरण सम्मको प्रकृयामा परिचालन गरिनेछ ।
- खाद्य गुणस्तर नियन्त्रणका लागी स्थानीय तहमा रहेका कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र, सहकारी कार्यालय समेतको समन्वयमा कृषकहरुको सेवा खरीद तथा बिक्री गर्न कृषि सहकारी मार्फत स्थानीय कृषक समुहलाई सक्षम बनाईनेछ ।
- रोजगारीका लागी युवा, महिला, आदिबासी जनाजाति, अशक्त, दलित समुदाय, द्धनद पिडित, सिमान्तकृत तथा अल्पसंख्यक नागरिकहरुलाई उद्यमशील तथा स्वरोजगार सम्बन्धि बिभिन्न तालिमहरु प्रदान गरिनेछ ।
- सरकारी तथा नीजी तवरबाट संचालित कृषि तथा पशु सेवा केन्द्रहरु, कृषि तथा पशु बीमा, सामुहिक खेती, शीत भण्डार, कृषि प्रशोधन तथा खाद्य प्रशोधन प्रर्बद्धन गर्न कृषकहरुको नेतृत्व विकास मार्फत युवाहरुको स्वरोजगारलाई प्रोत्साहित गरिनेछ ।
- कृषि क्षेत्रमा जैविक र श्रमिकहरुको भौतिक सुरक्षाको लागी बिषादी प्रयोगमा न्युनीकरण गर्ने तथा सो को प्रयोग गर्दा सुरक्षा सम्बन्धि प्रबिधिको प्रयोगलाई अनिवायृ गरिनेछ ।
- नीजि क्षेत्र मार्फत रोजगारी सृजना गर्ने ब्यबसायिक कृषि उत्पादनलाई प्राथमिकता दिई रोजगारी सृजनाका आधारमा सहुलियत तथा सहायता उपलब्ध गराईनेछ ।



प्रेम कुमार राई
अध्यक्ष

## (२) उत्पादन क्षेत्र (Manufacturing Sector)

- औद्योगिक व्यबसाय स्थापनाका निम्ति सहजीकरण गर्न तथा असंगठित रुपमा स्थापित व्यबसायलाई तत्काल कानुनी दायरामा आउन प्रोत्साहित गरिनेछ ।
- स्थानीय श्रममा आधारित उद्योगहरुको स्थापनालाई प्रोत्साहित गरिनेछ ।
- साना तथा स्थानीय स्तरका रोजगार उन्मुख उद्योगहरुलाई बित्तिय, संस्थागत र प्राबिधिक सहायताको माध्यमबाट सबलीकरण गरिनेछ । स्थानीय स्रोत साधनमा आधारित उद्योगहरुमा लगानी प्रबर्द्धन गर्न ब्यबसायिक कला सीप बिकासका बिबिध प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।
- श्रम उत्पादकत्व बृद्धि गर्नका निम्ति फर्महरुलाई आफ्ना उत्पादन प्रकृयामा सुधार ल्याउन तथा मुल्य श्रृखंलालाई तीव्र गतिमा अगाडि बढाउन प्रोत्साहन गरिनेछ ।

## (३) निर्माण क्षेत्र (Construction Setor)

- हतुवागढीको पुर्वाधार क्षेत्रमा दक्ष सीपयुक्त जनशक्तिको सदा अभाव रहेको छ । सो सम्बन्धि तालिम तथा क्षमता बृद्धिका अन्य कार्यक्रमहरु मार्फत दक्ष जनशक्तिको उत्पादनमा जोड दिईनेछ । यस मार्फत गुणस्तरमा सुधार गरिनेछ ।
- बिदेशबाट सीप तथा अनुभव हाँसिल गरी फर्किएका दक्ष तथा अनुभवी ब्यक्तिहरुलाई स्थानीय स्तरमै रोजगार बनाउन नीजि क्षेत्रका निर्माण ब्यबसायीहरुलाई समेत प्रोत्साहन गरिनेछ ।
- पुर्वाधार निर्माण क्षेत्रमा दीगो रोजगारीका अवसरहरु सिर्जना गर्न सीप बिकास कार्यक्रमलाई अगाडि बढाईनेछ ।
- ग्रामीण सडक निर्माणमा नीजि क्षेत्रको सहभागीतालाई श्रममा आधारित प्रबिधिहरुको उपयोग गर्न प्रोत्साहित गरिनेछ ।
- सडक संजालको आधारभुत निर्माण, बिस्तार, मर्मत संभार तथा सुधार गर्दा रोजगारीमा पर्ने प्रभावका आधारमा प्राथमिकता दिईनेछ । सडक परियोजनाहरु संचालन गर्दा स्थानीय सीप, स्रोत साधनको उच्चतम प्रयोग गरी बढी भन्दा बढी रोजगारीका अवसरहरु सृजना गरिनेछ ।
- उच्च र न्युन दुबै किसिमका सीप भएका रोजगारीको सृजनाका निम्ति संभाब्य जलबिद्युत परियोजनाहरुको कार्यान्वयनका लागी सकारात्मक वातावरण तयार गरिनेछ ।
- सिंचाई सुबिधाको बिकासका लागी स्थानीय स्रोत साधनको परिचालनमा जोड दिई कृषि रोजगारीमा बृद्धि गरिनेछ ।

## (४) पर्यटन क्षेत्र (Tourism Sector)

- तुलनात्मक रुपमा बढी लाभ रहेको र बढी रोजगारी सृजना हुने ग्रामीण पर्यटनलाई बिशेष प्रायमिकता दिईनेछ। ग्रामीण पर्यटन योजना अर्न्तगत पर्यटकीय गन्तब्य र पर्यटकीय उत्पादनलाई बिबिधिकरण र बिस्तार गरी थप रोजगारीका अवसरहरु सृजना गरिनेछ ।



प्रेम कुमार राई
अध्यक्ष

- पर्यटकहरुको बसाई अवधि लम्ब्याउन संख्यात्मक र गुणात्मक पर्यटनलाई लक्षित गरी प्रभावकारी कार्यक्रमहरु ल्याईनेछ ।
- पर्यटकीय क्षेत्रहरुको पहिचान सो को संरक्षण, संबर्द्धन, निर्माण, बिकास र बिस्तारका लागी बिभिन्न कार्यक्रमहरु गरी रोजगारीका अवसरहरु सृजना गरिनेछ ।
- पर्यटन सम्बन्धि सीप बिकासका प्रशिक्षण तथा बिभिन्न कार्यक्रमहरुका लागी नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- होम स्टे लाई प्रोत्साहित गरिनेछ ।

५) सुचना/प्रबिधि क्षेत्र(Information/Technology Sector)

- ✓ बिद्यालय तह देखी नै कम्प्युटर शिक्षा निरन्तरता दिनको लागी बिशेष पहल गरिनेछ । यसका लागी सार्वजनिक बिद्यालयहरुमा आवश्यक सहयोग गरिनेछ ।
- ✓ सुचना प्रबिधि क्षेत्रमा उच्च शिक्षा अध्ययन गर्न चाहाने गरीब र जेहेन्दार बिद्यार्थीहरुलाई छात्रबृतिको ब्यबस्था गरिनेछ ।
- ✓ सुचना प्रबिधिको प्रयोगमा सुधार ल्याई ई लाईब्रेरी, ई शिक्षा, ई स्वास्थ्य तथा ई गर्भनेन्स जस्ता क्षेत्रको प्रर्बद्धन र सबै क्षेत्रमा सुचना प्रबिधिका साधनहरु पुर्‍याई राजगारी सृजना गरिनेछ ।

६) सेवा क्षेत्र(Service Sector)

- ❖ सरकारी तथा गैर सरकारी बिभिन्न निकायहरुमा आवश्यक दक्ष जनशक्तिको लागी शिक्षा, योग्यता, क्षमता, दक्षता, ज्ञान, सीप बढाउन प्रोत्साहन गरिनेछ ।
- ❖ बिभिन्न प्राबिधिक बिषयहरुमा जनशक्ति उत्पादनको नीति अवलम्बन गरिनेछ जसको लागी छात्रबृतिको ब्यबस्था गरिनेछ ।

७) बैदेशिक रोजगारी

- हतुवागढीका कोही ब्यक्तिहरु बैदेशिक रोजगारीमा जान ईच्छुक भएमा रोजगार सेवा केन्द्रले आवश्यक सहजीकरण गर्नेछ ।

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर
कोशी प्रदेश नेपाल

# अनुसुचिहरु

## पाँच बर्षको कार्ययोजना ( Five years Strategic Action Plan)

### अनुसुची -१
(खण्ड ९ सँग सम्बन्धित)

हतुवागढी गाँउपालिका भोजपुरको स्थानीय रोजगार रणनीति खाका

| क्र.सं. | नतिजा सुचक | एकाई | आधार तथ्याङ्क | लक्ष्य (आ.व. अनुसार) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | |
| [illegible] | कृषि (औपचारिक र अनौपचारिक नयाँ फार्म स्थापना तथा पुरानाको व्यवस्थापन ) मार्फत रोजगारीको बृद्धि | जना | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| [illegible] | पशुपालन क्षेत्र (औपचारिक र अनौपचारिक नयाँ फार्म स्थापना तथा पुरानाको व्यवस्थापन ) मार्फत रोजगारीको बृद्धि | जना | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| [illegible] | उत्पादन क्षेत्र (घरेलु उद्योग व्यवस्थापन ) मार्फत रोजगारीको बृद्धि | जना | | १० | १० | १० | १० | १० | १० |
| [illegible] | निर्माण क्षेत्र मार्फत रोजगारीको बृद्धि | जना | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| [illegible] | पर्यटन क्षेत्र मार्फत रोजगारीको बृद्धि | जना | | ५ | ५ | ५ | ५ | ५ | २५ |
| [illegible] | सुचना/प्रविधि क्षेत्र मार्फत रोजगारीको बृद्धि | जना | | १ | १ | १ | १ | १ | १ |
| [illegible] | सेवा क्षेत्र मार्फत मार्फत रोजगारीको बृद्धि | जना | | ४ | ४ | ४ | ४ | ४ | ४ |
| [illegible] | वैदेशिक रोजगारी (ईच्छुक मात्र) | जना | | १५ | १५ | १५ | १५ | १५ | १५ |



प्रेम कुमार राई
अध्यक्ष

अनुसुची-२

(बुँदा नं.७.२ सँग सम्बन्धित)

हतुवागढी गाउँपालिका भोजपुरको स्थानीय रोजगार रणनीति कार्यान्वयन कार्ययोजना(खण्ड क)

| कार्यनीति-१ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| *कृषि (औपचारिक तथा अनौपचारिक नयाँ फार्म स्थापना तथा ब्यवस्थापन गर्ने) मार्फत रोजगारी वृद्धि गर्ने ।* | | | | | | | |
| क.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधि | कार्य सम्पादन सुचक | बजेट | जोखीम |
| १.१ | अदुवा, अलैंची, अकबरे खुर्सानी जस्ता नगदे बाली लगाउने । | कृषि बिकास शाखा, वार्ड कार्यालयहरु हतुवागढी | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा मातहतका कृषि ज्ञान केन्द्र तथा कृषि सम्बन्धि कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १० लाख | खडेरी, किट पतंग, |
| १.२ | आँप, लिचि, कागती जस्ता फलफूल लगाउने । | कृषि बिकास शाखा, वार्ड कार्यालयहरु हतुवागढी | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा मातहतका कृषि ज्ञान केन्द्र तथा कृषि सम्बन्धि कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १० लाख | खडेरी, किट पतंग, |
| १.३ | काउली, ब्रो काउली, बन्दा काउली जस्ता तरकारी लगाउने । | कृषि बिकास शाखा, वार्ड कार्यालयहरु हतुवागढी | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा मातहतका कृषि ज्ञान केन्द्र तथा कृषि सम्बन्धि कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १० लाख | खडेरी, किट पतंग, |
| १.४ | च्याउ खेती गर्ने | कृषि बिकास शाखा, वार्ड कार्यालयहरु हतुवागढी | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा मातहतका कृषि ज्ञान केन्द्र तथा कृषि सम्बन्धि कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १० लाख | खडेरी, किट पतंग, |
| १.५ | बीउ, बीजन तथा मल खादको ब्यवस्थापन | कृषि बिकास शाखा, वार्ड कार्यालयहरु हतुवागढी | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा मातहतका कृषि ज्ञान केन्द्र तथा कृषि सम्बन्धि कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १० लाख | खडेरी, किट पतंग, |



प्रेम कुमार राई
अध्यक्ष

कार्यनीति-२

*पशुपालन (औपचारिक तथा अनौपचारिक नयाँ फार्म स्थापना) मार्फत रोजगारी बृद्धि गर्ने।*

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधि | कार्य सम्पादन सुचक | बजेट | जोखीम |
|---|---|---|---|---|---|---|---|
| २१ | स्थानीय तथा उन्नत जातका बाखा फार्म स्थापना गर्ने | पशुपंक्षी सेवा शाखा वार्ड कार्यालयहरु हतुवागढी | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तथा पशु सेवा सम्बन्धि कार्यालयहरु। | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १५ लाख | बिभिन्न रोगहरु |
| २२ | स्थानीय तथा उन्नत जातका बंगुर फार्म स्थापना गर्ने | पशुपंक्षी सेवा शाखा वार्ड कार्यालयहरु हतुवागढी | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तथा पशु सेवा सम्बन्धि कार्यालयहरु। | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १५ लाख | बिभिन्न रोगहरु |
| २३ | स्थानीय तथा उन्नत जातका गाई तथा भैंसी फार्म स्थापना गर्ने | पशुपंक्षी सेवा शाखा वार्ड कार्यालयहरु हतुवागढी | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तथा पशु सेवा सम्बन्धि कार्यालयहरु। | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १५ लाख | बिभिन्न रोगहरु |
| २४ | स्थानीय तथा उन्नत जातका कुखुरा फार्म स्थापना गर्ने | पशुपंक्षी सेवा शाखा वार्ड कार्यालयहरु हतुवागढी | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तथा पशु सेवा सम्बन्धि कार्यालयहरु। | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १५ लाख | बिभिन्न रोगहरु |
| २५ | मौरी पालन गर्ने | पशुपंक्षी सेवा शाखा/ कृषि विकास शाखा वार्ड कार्यालयहरु हतुवागढी | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तथा पशु सेवा सम्बन्धि कार्यालयहरु। | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १० लाख | बिभिन्न रोगहरु |

कार्यनीति-३

*उत्पादन क्षेत्र (घरेलु उद्योग व्यबस्थापन ) मार्फत रोजगारी बृद्धि गर्ने ।*

| क.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधि | कार्य सम्पादन सुचक | बजेट | जोखीम |
|---|---|---|---|---|---|---|---|
| ३.१ | नाङ्लो निर्माण उद्योग व्यबस्थापन | मेड्पा, गापा, वार्ड कार्यालयहरु | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा घरेलु तथा साना उद्योग कार्यालय, उद्योग बाणिज्य संघ र उद्योग सँग सम्बन्धित कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | ५ लाख | कच्चा पदार्थ को अभाव |
| ३.२ | डालो थुन्से बुन्ने उद्योग व्यबस्थापन गर्ने । | मेड्पा, गापा, वार्ड कार्यालयहरु | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा घरेलु तथा साना उद्योग कार्यालय, उद्योग बाणिज्य संघ र उद्योग सँग सम्बन्धित कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | ५ लाख | कच्चा पदार्थ को अभाव |
| ३.३ | अन्य उद्योगहरुको सम्भाब्यता अध्ययन गरेर स्थापना गरी रोजगारी बृद्धि गर्ने | मेड्पा, गापा, वार्ड कार्यालयहरु | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा घरेलु तथा साना उद्योग कार्यालय, उद्योग बाणिज्य संघ र उद्योग सँग सम्बन्धित कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | ५ लाख | कच्चा पदार्थ को अभाव |

कार्यनीति-४

*निर्माण क्षेत्र मार्फत रोजगारीको बृद्धि गर्ने*

| क.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधि | कार्य सम्पादन सुचक | बजेट | जोखीम |
|---|---|---|---|---|---|---|---|
| ४.१ | निर्माणका काममा स्थानीय बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताको लागी पहल गर्ने । | निर्माण कम्पनीहरु तथा वार्ड कार्यालयहरु | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा निर्माण सँग सम्बन्धित कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | ५ लाख | बाहिर को कामदा र ल्याउने समस्या |



प्रेम कुमार राई
अध्यक्ष

हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर
कोशी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यनीति ५ | | | | | | | |
| *पर्यटन क्षेत्र मार्फत रोजगारीको बृद्धि गर्ने ।* | | | | | | | |
| ५.१ | होटेल तथा होमस्टे संचालन गर्ने | गापा, वार्ड कार्यालयहरु, उद्योग वाणिज्य महासंघ, नीजी क्षेत्र | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा घरेलु तथा साना उद्योग कार्यालय, उद्योग बाणिज्य संघ र होटेल सँग सम्बन्धित कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | ५ लाख | पर्यटकहरुको कमी हुने संभावना |
| ५.२ | ब्यापार ब्यवसाय गर्ने | पशुपंक्षी सेवा शाखा वार्ड कार्यालयहरु, वार्ड कार्यालयहरु | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तथा पशु सेवा सम्बन्धि कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १५ लाख | |
| कार्यनीति-६ | | | | | | | |
| सुचना/प्रबिधि क्षेत्र मार्फत रोजगारीको बृद्धि गर्ने । | | | | | | | |
| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधि | कार्य सम्पादन सुचक | बजेट | जोखीम |
| ६.१ | सरचना प्रबिधिको क्षेत्रमा जनशक्ति निर्माण गर्ने | सुचना प्रबिधि शाखा, वार्ड कार्यालयहरु | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा भेटेरीनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र तथा पशु सेवा सम्बन्धि कार्यालयहरु । | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १५ लाख | |
| कार्यनीति-७ | | | | | | | |
| सेवा क्षेत्र मार्फत रोजगारीको बृद्धि गर्ने । | | | | | | | |
| ७.१ | सेवा क्षेत्र प्रबेशको लागी नागरिकहरु तयार गर्ने(शिक्षा क्षेत्र, स्वास्थ्या क्षेत्र, प्राबिधिक क्षेत्र, सुरक्षा क्षेत्र आदि) | शिक्षा, युवा तथा खेलकुद शाखा, वार्ड कार्यालयहरु | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा शिक्षा सँग सम्बन्धित कार्यालयहरु | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १५ लाख | |
| ७.२ | तालिम (ड्राईभिङ्ग आदि) | शिक्षा, युवा तथा खेलकुद शाखा, वार्ड कार्यालयहरु | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा शिक्षा सँग सम्बन्धित कार्यालयहरु | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १५ लाख | |



प्रेम कुमार राई
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कार्यनीति-८ | | | | | | | |
| बैदेशिक रोजगारी(ईच्छुक मात्र) मार्फत रोजगारीको बृद्धि गर्ने । | | | | | | | |
| ८.१ | ब्यबस्थित, सुरक्षित र मर्यादित बैदेशिक रोजगारी गर्ने | रोजगार सेवा केन्द्र | गाउँपालिका, प्रदेश, संघीय सरकार तथा श्रम रोजगार सँग सम्बन्धित कार्यालयहरु | ५ बर्ष | कागजात तथा स्थलगत अवलोकन र तथ्याङ्क | १५ लाख | |



प्रेम कुमार राई
अध्यक्ष

<u>आज्ञाले:</u>

**महेश निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**

हलुवागढी राजपत्र